लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

पत्र संख्या: २०७७/०७८ (वन व्यब.)
मिति : २०८१/०८/०३
च.नं. :

**विषय : काठ/दाउरा लिलाम बिकि सम्बन्धि सूचना ।**

यस डिभिजन वन कार्यालय अर्न्तगतका सरकारद्धारा व्यवस्थित वनक्षेत्र तथा साझेदारी वनक्षेत्रबाट विभिन्न मितिमा बेवारीसे अवस्थामा बरामद भएका र मिति २०८०।०६।२९ गतेको बिनासकारी हुरी बतासको कारण राष्ट्रिय वन क्षेत्रबाट संकलन भई बिभिन्न स्थानमा घाटगद्धि रहेका तपसिल बमोजिमका जात, थान र परिमाणका काठ जँहा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्र प्रकियाबाट (बढाबढ गराई) लिलाम बिकि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउराको कारोबार गर्न ईजाजत प्राप्त ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना मेचीकाली संदेश राष्ट्रिय दैनिकमा प्रथम पटक मिति २०८१/०८/०३ मा प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्रमा खरीद गरी २२ औं दिनमा दिनको २:०० बजे सम्ममा देहायको शर्तको अधिनमा रही बोलपत्र खरीद गरेको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

## तपसिल :

| सि.नं | डिभिजन/ सब डिभजिन | लट नं. | जात | थान | ग्रेड | परिमाण (क्यू.फि.मा) | न्यूनतम मोल | घाटगद्धि स्थान | काठको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ठकुरापुर | १/०८१-०८२ | जंगली सिसौ | ४४ | A | २८४.४८ | ३५५६००.०० | ठकुरापुर सब डिभिजन वन कार्यालयको कार्यालय कम्पाउण्ड | बिभिन्न समय बेवारिसे अवस्थामा बरा भएको |
| | | | | ९२ | B | ३८९.३१ | ३८९३१०.०० | | |
| | | | | ७६ | C | १९६.८६ | ११८११६.०० | | |
| | | | | ७६ | D | ८९.५१ | ३१३२८.५० | | |
| | | | **जं सिसौ जम्मा** | २८८ | | ९६०.१६ | ८९४३५४.५० | | |
| | | | सागवान | ६ | A | ३८.२८ | ३०६२४.०० | | |
| | | | | ३७ | B | १११.८४ | ६७१०४.०० | | |
| | | | **सागवान जम्मा** | ४३ | o | १५०.१२ | ९७७२८.०० | | |
| | | | **कूल जम्मा** | ३३१ | | १११०.२८ | ९९२०८२.५० | | |
| २ | गुगौली | २/०८१-०८२ | साल | १५ | A | १३५.५५ | १६९४३७.५० | गुगौली सब डिभिजन, उज्वलपुर | बिभिन्न समय बेवारिसे अवस्थामा बरा भएको |
| | | | | १६ | B | १३८.२४ | १२४४१६.०० | | |
| | | | | १६ | C | ६८.८४ | ४१३०४.०० | | |
| | | | | १ | D | १.७५ | ५२५.०० | | |
| | | | साल (चिरान) १२२.७२ क्यु.फि. को गो. परिमाण) | ३१ | A | १७१.८१ | २१४७६०.०० | | |
| | | | **साल जम्मा** | ७९ | | ५१६.१९ | ५५०४४२.५० | | |
| | | | जंगली सिसौं | ६ | A | ५८.८९ | ७३६१२.५० | | |
| | | | | १५ | B | ७८.५४ | ७८५४०.०० | | |
| | | | | १३ | C | ५२.७५ | ३१६५०.०० | | |
| | | | | १२ | D | २९.४० | १०२९०.०० | | |
| | | | जंगली सिसौ (चिरान) ५१.१६ क्यु.फि. को गो परिमाण) | ५ | A | ७१.६२ | ८९५३०.०० | | |
| | | | **ज.सि.जम्मा** | ५१ | | २९१.२० | २८३६२२.५० | | |
| | | | सिसौं (वृक्षारोपण) | १ | A | ६.५१ | ४५५७.०० | | |
| | | | | २ | B | ९.१२ | ४५६०.०० | | |
| | | | **जम्मा** | ३ | | १५.६३ | ९११७.०० | | |
| | | | असना | २ | B | १९.८४ | ५९५२.०० | | |
| | | | | ३ | C | ९.१९ | ९१९.०० | | |
| | | | **जम्मा** | ५ | | २९.०३ | ६८७१.०० | | |

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | टिक | १ | A | ७.८८ | ६३०४.०० | | |
| | | | | १९ | B | ५६.७० | ३४०२०.०० | | |
| | | | जम्मा | २० | | ६४.५८ | ४०३२४.०० | | |
| | | | बाँझी | २ | - | १४.५७ | १४५७.०० | | |
| | | | कूल जम्मा | १६० | | ९३१.२० | ८९१८३४.०० | | |
| ३ | शिवपुर | ३/०८१-०८२ | कदम | ४ | | २३.१३ | २३१३.०० | डि.ब.का. परिसर तथा शिवराज सा.वन घाटगढी परिसर | बिभिन्न समय बेवारिसे अवस्थामा बरा भएको |
| | | | खोटे सल्ला | ५ | A | ६५.३४ | १६३३५.०० | | |
| | | | | ३ | B | १७.१४ | २५७१.०० | | |
| | | | जम्मा | ८ | | ८२.४८ | १८९०६.०० | | |
| | | | सागवान | १ | A | ८.४६ | ६७६८.०० | | |
| | | | | ७ | B | १७.०६ | १०२३६.०० | | |
| | | | जम्मा | ८ | | २५.५२ | १७००४.०० | | |
| | | | साल | ३ | A | २९.७३ | ३७१६२.५० | | |
| | | | | १ | B | ६.४३ | ५७८७.०० | | |
| | | | | ४ | C | १५.८९ | ९५३४.०० | | |
| | | | साल (चिरान को १४२=२१ क्यु.फि. गो. परिमाण) | १८५ | A | १९९.२१ | २४९०१२.५० | | |
| | | | जम्मा | १९३ | | २५१.२६ | ३०१४९६.०० | | |
| | | | सिरिस | ५ | B | १४.७७ | २९५४.०० | | |
| | | | सिसौं (वृक्षारोपण) | १३ | A | १०४.३७ | ७३०५९.०० | | |
| | | | | ७८ | B | १८१.७७ | ९०८८५.०० | | |
| | | | जम्मा | ९१ | | २८६.१४ | १६३९४४.०० | | |
| | | | कूल जम्मा | ३०९ | | ६८३.३० | ५०६६१७.०० | | |
| ४ | शिवपुर | ४/०८१-०८२ | सिसौं (वृक्षारोपण) | २८ | A | २५५.७४ | १७९०१८.०० | शिवराज सा.वन घाटगढी | आ.ब.२०८०।० मा मिति २०८०।०६।२ गतेको बिनासकारी हु बतासको कार राष्ट्रिय वन क्षे र विभिन्न बर्गिकृत सडकहरुबाट संकलन |
| | | | | ५४ | B | १५६.१२ | ७८०६०.०० | | |
| | | | जम्मा | ८२ | | ४११.८६ | २५७०७८.०० | | |
| | | | आँप | ६२ | | २८१.४४ | ५६२८८.०० | | |
| | | | सिमल | १८ | | १५१.८५ | २२७७७.५० | | |
| | | | मसला | ४८ | | २७५.०१ | ३४३७६.२५ | | |
| | | | खयर | २९ | | ६२.३१ | ६२३१०.०० | | |
| | | | जामुन | ५ | B | १४.२५ | ४२७५.०० | | |
| | | | महुवा | ११ | | ५१.८५ | ५१८५.०० | | |
| | | | कुसुम | १ | | ३.८३ | ३८३.०० | | |
| | | | कटहर | २ | | ७.८४ | ७८४.०० | | |
| | | | जम्मा | १७६ | | ८४८.३८ | १८६३७८.७५ | | |
| | | | सिसौं (वृक्षारोपण) मिश्रीत दाउरा चट्टा | | | १.०० | १२०००.०० | | |
| | | | कूल जम्मा | २५८ | | १२६०.२४ | ४५५४५६.७५ | | |
| ५ | चम्पापुर | ५/०८१-०८२ | साल (चिरान) ३२.५० क्यु.फि. को गो परिमाण) | ३८ | A | ४५.५० | ५६८७५.०० | डि.ब.का. परिसर | बिभिन्न समय बेवारिसे अवस्थामा बरा भएको |
| | | | साल गोलिया | ६ | C | २१.७६ | १३०५६.०० | | |
| | | | जम्मा | ४४ | | ६७.२६ | ६९९३१.०० | | |
| | | | सिसौं (वृक्षारोपण) | ५ | A | १७.५५ | १२२८५.०० | | |
| | | | | २० | B | ४८.८६ | २४४३०.०० | | |

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | २५ | | ६६.४१ | ३६७१५.०० | |
| | | | कूल जम्मा | ६९ | | १३३.६७ | १०६६४६.०० | |
| | | | सबै कुल जम्मा | ११२७ | | ४११८.६९ | २९५२६३६.२५ | |

## शर्तहरु :

१) मेचीकाली संदेश राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन भएको मिति २०८१/०८/०३ ले २१ (एक्काईस) दिन भित्रमा यस कार्यालय र वन निर्देशनालय, लुम्बिनी प्रदेश, बुटवल रुपनदेहीबाट कार्यालय समय भित्र तोकिएको मूल्य (फिर्ता नहुने गरी) डिभिजन वन कार्यालयको नाममा नेपाल बैंक खाता हि.नं. २७४०२००००१००१००००१, राजश्व शिर्षक नं. १४२६४, कार्यालय कोड नं. ३२९०१४९०२५ मा जम्मा गरी सो को सक्कल भौचर पेश गरी बोलपत्र खरिद गर्न सकिने छ। बोलपत्र खरीद गर्न ईच्छुक व्यक्ति/फर्म वा कम्पनी का प्रोप्राईटरले बोलपत्र खरीद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र डिभिजन वन कार्यालय मा सुचीकृत अधावधिक भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।

२) खरीद गरिएका बोलपत्रहरु रितपुर्वक भरी सिलबन्दी गरेर मिति २०८१/०८/२४ गते दिनको २:०० बजे सम्ममा बोलपत्र खरीद गरेको कार्यालयमा वा माथी सि.नं. १ मा उल्लेखित कुनैपनि कार्यालयमा दाखिला गर्न सकिने छ। बोलपत्र बिकि गर्ने, दाखिला गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिनमा बिदा परेमा सो को भोलिपल्ट बिकि, दाखिला र खोल्ने कार्य हुनेछ।

३) प्रत्येक जातको काठ/दाउराको लागि अलग अलग कबोल रकम बोलपत्रमा उल्लेख गर्नुपर्ने र बेग्लाबेग्लै लटको काठ/दाउराको लागि बेग्लाबेग्लै बोलपत्र सिलबन्दी गरी पेश गर्नुपर्ने छ। बोलपत्र पेश गरेको खाममा लट नं. र आ.ब. अनिबार्य रुपमा उल्लेख गर्नुपर्ने छ। उल्लेख नगरेमा अमान्य हुने र त्यस्तो बोलपत्र दर्ता गर्न कार्यालय बाध्य हुने छैन।

४) जसको नाममा बिकि भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नुपर्ने छ।

५) बोलपत्रको साथमा कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम, प्रदेश लेखा नियन्त्रकको कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, तौलिहवामा रहेको एकल धरौटी खाता हि.नं. ३११००२०२०३००००, कार्यालय कोड नं.३२९०१४९०२५ मा जम्मा गरी सो को सक्कल भौचर वा कम्तिमा ६ महिना सम्मको रितपूर्वकको बैक ग्यारेन्टी वा बैंक ड्राफ्ट समावेश हुनु पर्ने छ।

६) बोलपत्रमा सकार रकम, अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

७) बोलपत्रमा र सो सम्बन्धि कागजातमा बोलपत्रदाता वा फर्मको सहीछाँप भई नआएमा सो बोलपत्र अमान्य हुने छ।

८) पेश भएका बोलपत्रहरु सबै नै संकलन भइसकेको भोलीपल्ट (सो दिन बिदा परेमा सो को भोलिपल्ट) प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ।

९) लिलाम सदर भएको जानकारी प्राप्त भए पश्च्यात नियमानुसार कबोल रकम, काठ/दाउराको संकलन खर्च, मु.अ.कर लगाएत नियमानुसार लाग्ने रकम बुझाई लिलाम सकार गरेको वन पैदावार उठाई लैजानुपर्ने छ।

१०) सम्बन्धित कार्यालयहरुबाट बिकि नभएको बोलपत्र दाखिला भएमा वा बेचिएको बोलपत्रको फोटोकपी दाखिला गरेमा सो बोलपत्र अमान्य हुनेछ।

११) म्याद नाघी वा रित नपुगी पेश हुन आएको बोलपत्र उपर कुनै कारवाही गरीने छैन।

१२) बोलपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङघन् भएमा बोलपत्र अमान्य हुने छ।

१३) बोलपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहीत रहने छ।

१४) उपर्युक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संसोधन गर्नु परेमा यस कार्यालयले गर्न सक्ने छ।

१५) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र वन पैदावार लिलाम बिकि कार्यबिधि निर्देशिका अनुसार हुने छ।

ईतिसम्बत् २०८१ साल मंसिर महिना ०३ गते रोज २ मा शुभम्।